*एक सय दिनको कार्ययोजना अनुसार सम्पादन भएका कार्यहरू सम्बन्धी*

# प्रेस विज्ञप्ति

लोक सेवा आयोगका वर्तमान पदाधिकारीहरू पदवहाली भैसकेपछि सार्वजनिक भएको १०० (एक सय) दिनको कार्ययोजना अनुसार देहाय बमोजिमका कार्यहरू सम्पन्न गरिएको छ।

१. लोक सेवा आयोगबाट आ.व. २०७६/७७ र आ.व. ०७७/७८ मा प्रकाशित विज्ञापनहरू मध्ये लिखित परीक्षा सञ्चालन हुन बाँकी रहेका अधिकांश विज्ञापनहरूको परीक्षा सम्पन्न भै थप प्रक्रिया अगाडि बढाइएको छ। शाखा अधिकृत वा सो सरहको आ.व. ०७६।७७ को विज्ञापनको अन्तर्वार्ता समेतका सम्पूर्ण परीक्षा कार्यक्रमहरू सम्पन्न भएको छ।

२. आयोगवाट आ.व. २०७७/७८ मा लिखित नतिजा प्रकाशन भई अन्तर्वार्ता हुन बाँकी रहेका स्वास्थ्य सेवा तर्फका अधिकृतस्तर नबौं तहका २० वटा विज्ञापनहरूमा लिखित परीक्षावाट छनौट भएका उम्मेदवारहरूको अन्तर्वार्ता लिई २४ जना उम्मेदवारलाई नियुक्तिका लागि सिफारिस गरिएको छ।

३. कमलपोखरी स्थित आयोगको नव निर्मित भवनमा लोक सेवा आयोगको केन्द्रीय कार्यालय स्थानान्तरण गरिएको छ।

४. लोक सेवा आयोगको आ.व. २०७७/७८ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका (निजामती एवम् सुरक्षा निकाय तथा संगठित संस्था तर्फको) स्वीकृत गरी प्रकाशन गरिएको छ।

५. सुरक्षा निकाय एवं संगठित संस्थातर्फ ११ वटा संस्थाका १२६ वटा विज्ञापनका ७२८६ पद संख्याको प्रतियोगितात्मक लिखित परीक्षाको नतिजा प्रकाशन गरिएको छ। लिखित नतिजा प्रकाशन हुन बाँकी अन्य संस्थाका लिखित नतिजा प्रकाशनमा तीव्रता दिइएको छ। परीक्षा सञ्चालन हुन बाँकी लिखित परीक्षा तालिका प्रकाशन गरी सञ्चालन गर्ने कार्य सुचारु रहेको छ।

६. लोक सेवा आयोग, केन्द्रीय कार्यालयबाट निजामती सेवा तर्फका ३७१ वटा विज्ञापनको लिखित नतिजा प्रकाशन गरी अन्तर्वार्ता लिइएको र १०८० जना उम्मेदवारलाई सिफारिस गरिएको छ। यसैगरी आयोग मातहतका धनकुटा, जलेश्वर, काठमाडौं, पोखरा, बुटवल, सुर्खेत र दिपायल कार्यालयहरूबाट आ.व. २०७६/७७ मा प्रकाशित रा.प.अनं. प्रथम श्रेणी (प्रा) पदको विज्ञापनको अन्तर्वार्ता लिई उम्मेदवार सिफारिस गर्ने कार्य भैरहेको छ भने आ.व. २०७७/७८ मा प्रकाशित बिज्ञापनहरूमध्ये रा.प.अनं. प्रथम श्रेणी (प्राविधिक) पदको बिज्ञापनको आयोग मातहतका १४ वटै कार्यालयहरूबाट लिखित परीक्षा सञ्चालन भैरहेको छ।

७. २०७८ श्रावण १५ देखि सञ्चालन भएका रा.प. प्रथम श्रेणीका अप्राविधिक/प्राविधिक २३ वटा विज्ञापनको लिखित नतिजा प्रकाशन गरी असोज १५ देखि अन्तिम चरणको मामिला प्रस्तुतीकरण र अन्तर्वार्ता कार्यक्रम शुरू भएको छ। नेपाल स्वास्थ्य सेवाका ११औं तहका परीक्षाको नतिजा प्रकाशनको अन्तिम चरणमा रहेको छ भने रा.प. द्वितीय श्रेणीका पदको उत्तरपुस्तिका परीक्षणलाई तीव्रताका साथ अगाडि बढाइएको छ।

८. लोक सेवा आयोगबाट परीक्षा सञ्चालन भएको सुरक्षा निकाय तथा संगठित संस्था मध्ये १२ वटा संस्थाका १७२ वटा विज्ञापनको परीक्षा सञ्चालन गरिएको, ९ वटा निकायको ८४४३ पदको पदपूर्तिका लागि सहमति प्रदान गरिएको र ८ वटा निकायको १२८ वटा विज्ञापनको परीक्षा कार्यक्रम तोकिएको छ।

९. लोक सेवा आयोगलाई अनुरोध भए बमोजिम कृषि तथा वन विज्ञान विश्वविद्यालयको ३५ वटा विज्ञापनको लिखित परीक्षा सञ्चालन भएको छ। न्याय सेवा आयोगको अनुरोधमा जिल्ला न्यायाधीश पदको लिखित परीक्षा असोज १२ देखि १७ गते सम्म सञ्चालन भइरहेको छ।

१०. ८ वटा संगठित संस्थाको कर्मचारी नियमावली/विनियमावलीमा परामर्श प्रदान गरिएको छ।

११. लोक सेवा आयोगमा प्राप्त १० वटा विभागीय सजायका फाइल उपर सम्बन्धित निकायमा परामर्श पठाइएको छ। आयोगलाई विपक्षी बनाई दायर गरिएका विभिन्न ५२ वटा रिट निवेदनको सम्मानित अदालतमा लिखित जबाफ पेस गरिएको छ।

१२. लोक सेवा आयोगमा प्राप्त बढुवा उजुरीका ११ वटा निवेदन उपर प्रचलित कानुन बमोजिम आयोगबाट निर्णय गरी सम्बन्धित निकायमा पठाइएको छ।

१३. निजामती सेवा तर्फका रा.प.अनं. द्वितीय श्रेणीका खरिदार वा सो सरह (अप्रा.) पदको पाठ्यक्रम परिमार्जन भएको छ। विभिन्न श्रेणी/तह, सेवा, समूह, उपसमूह तथा पदका ९१ वटा पाठ्यक्रमहरू यस आ.व.देखि लागू हुनेरी परिमार्जन/अद्यावधिक गर्ने कार्य अन्तिम चरणमा रहेको छ।

१४. विशेष विज्ञता आवश्यक पर्ने आयोगका विभिन्न कामकारबाहीहरूमा विज्ञहरूको प्रभावकारी संलग्नता बढाउन विज्ञहरूको रोष्टर अद्यावधिक गरी लागू गरिएको छ।

१५. लोक सेवा आयोगको कार्यक्षेत्र भित्र परेका तर हालसम्म आयोगको परामर्श, समन्वयमा आउन बाँकी रहेका संगठित संस्थाहरूलाई संवैधानिक व्यवस्था अनुसार आयोगको काम कारबाहीको दायरामा ल्याउन समन्वय र सहजीकरण गरिएको छ।

१६. लोक सेवा आयोगको वेरूजुलाई यसै आर्थिक वर्षभित्र शून्य बनाउन सम्परीक्षण र असूल उपर गर्ने कार्यलाई कार्ययोजना सहित द्रुततर रूपमा अगाडि बढाइएको छ।

१७. लोक सेवा आयोगबाट स्थापित पदपूर्तिका आधार र मापदण्डको कार्यान्वयन गर्ने सिलसिलामा प्रदेश लोक सेवा आयोगहरूसँग समन्वय र सहजीकरणको कार्य भैरहेको छ।

१८. आयोगको बैसठ्ठीऔं वार्षिक प्रतिवेदन (आ.व. २०७७/७८) सम्पादनको कार्य अन्तिम चरणमा पुगेको छ। सो प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष २०७८ साल असोज महिना भित्र पेस गर्ने तयारी गरिएको छ।

१९. लोक सेवा आयोगको आगामी ५ वर्षको रणनीतिक योजना तर्जुमाको चरणमा रहेको छ।

**तोयनारायण सुवेदी**
**सहसचिव एवं प्रवक्ता**